दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १४१ | बुटवल | २०८२ जेठ ०४, गते आइतबार | नेपाल संवत ११४५ | Sunday May.18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## भिम रावलसँग सहकार्य गर्न प्रचण्डको प्रस्ताव



बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मातृभूमि जागरण अभियानका संयोजक डा. भीम रावललाई सहकार्यको प्रस्ताव राखेका छन् ।

जनतासँग माओवादी मध्यपहाडी लोकमार्ग पुष्पलाल मार्ग जागरण अभियानअन्तर्गत अछामको साँफेबगरमा पुगेर प्रचण्डले रावलसँग फोन संवाद भएको पनि बताए ।

अछाम नेता रावलको गृहजिल्ला हो । त्यहाँ पुगेर प्रचण्डले भने-'म यहाँ आउँदै गर्दा बाटोमै भीम रावलको सम्पर्क कार्यालय देखें, मैले हिजोमात्र फोनमा कुरा गरेको थिएँ । उहाँले कार्यक्रम सफलताको शुभकामना पनि भन्नुभएको थियो । मैले तपाईं हामी बसेर कुरा गर्नुपर्ने ठाउँमा तपाईं कोकोसँग कुरा गरिराख्नुभएको छ भनेको छु ।'

उनले भीम रावलसहित इमानदार कम्युनिष्टहरु एकै ठाउँमा आउनुपर्ने बताए । प्रचण्डले भने-'मैले यहाँबाट पनि भीम रावलसहित देशभक्त इमानदार कम्युनिष्टहरुलाई सहकार्य गर्न अपिल गर्न चाहन्छु, अन्त भौतारिरहनु जरुरी छैन । केही फाइदा हुनेवाला छैन । भीमजीप्रति मैले संवादसहित यो अपिल गर्न चाहन्छु ।'

## 'मदन–आश्रित मृत्युको छानबिन हुनुपर्छ'

बुटवल । ३२औं मदन-आश्रित स्मृति दिवसको अवसरमा नेकपा एमाले र नेकपा एकीकृत समाजवादीले छुट्टाछुट्टै कार्यक्रम गरेका छन् ।

नेकपा एमालेले गरेको कार्यक्रममा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले मदन-आश्रितको मृत्युको छानबिनबारे प्रसंगै उठाएनन् । तर नेकपा एकीकृत समाजवादीले गरेको कार्यक्रममा अध्यक्ष माधव नेपालले छानवीन हुनुपर्ने बताए । ओलीले सामाजिक सञ्जालमा मदन र जीवराजप्रति उच्च सम्मान व्यक्त गरेका थिए । पार्टीले गरेको कार्यक्रममा पनि ओलीले मदन आश्रितको मृत्युको छानबिनको प्रंसग उठाएनन् । बरु एमालेमा अरु वामपन्थी पार्टीका नेता कार्यकर्तालाई समाहित गर्नुपर्ने तर पार्टी एकीकरण जरुरी नभएको तर्क गरे ।

तत्कालीन एमालेका महासचिव भण्डारी र सङ्गठन विभाग प्रमुख आश्रित २०५० जेठ ३ गते चितवनको दासढुङ्गा भन्ने ठाउँमा जीप दुर्घटना हुँदा निधन भएको थियो । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले भने मदन आश्रितको रहस्यमय मृत्युबारे छानबिन गर्न सरकारसँग माग गरेका छन् ।

३२औं मदन-आश्रित स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले दुई नेताहरूको रहस्यमय मृत्युमा प्रतिक्रियावादी पार्टीहरूसँग जोडिएको योजना भएको सुन्नमा आएको बताए ।

उनले भने-'दुवै व्यक्तिलाई रहस्यमय दुर्घटना, सुन्नमा आइरहेको छ, कतिपय नेताहरूले कुरा पनि उठाएका छन् अरे, कुनै प्रतिक्रियावादी पार्टीहरूसँग जोडिएको योजना थियो रे ! हो भने पनि छानबिन गरेर सत्यतथ्य ल्याएर अपराधीहरूलाई नांगेझार पारेर कसरी उनीहरूले मदन भण्डारी र जीवराम आश्रितको हत्या गरे, त्यसलाई उजागर गर्न सक्नुपर्छ । त्यसको निम्ति अहिलेको सरकारको ध्यानाकर्षित गर्न चाहन्छु । एउटा प्रमाणको रूपमा रहेको ड्राइभरको पनि पछि हत्या गरियो । त्यो हत्या पनि रहस्यमय छ ।'

अध्यक्ष नेपालले दुवै नेताहरूको निधनले कम्युनिष्ट र लोकतान्त्रिक आन्दोलनलाई ठूलो क्षति भएको बताए ।

## विद्युत् प्राधिकरणको लापरबाहीले मजदुरको मृत्यु

बुटवल । विद्युत् प्राधिकरणको लापरवाहीले काभ्रेको धुलिखेलमा विद्युतका एक जना मजदुरको करेन्ट लागेर मृत्यु भएको छ ।

धुलिखेल नगरपालिका- ७ जिल्ला प्रशासन कार्यालय अगाडिको विद्युत् पोलमा काम गरिरहेका सर्लाही ईश्वरपुरन नगरपालिकाका-१२ घारिबथानका २८ वर्षीय उपेश नेपालीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

११ हजार भोल्टको हाइट्रेसन लाइनको पोलमा चढेर काम गरिरहेको अवस्थामा अचानक करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी डीएसपी मिन घलेले बताए । तार जोड्न पोलमा चढेका परियारको विद्युत् प्राधिकरणले सूचनाविनै लाइन छाड्दा करेन्ट लागेर मृत्यु भएको आरोप छ । उनलाई विद्युत् प्राधिकरणले नै काममा लगाएको थियो ।

शुक्रबार मात्रै विद्युत् प्राधिकरण काभ्रे वितरण केन्द्रले सूचना जारी गर्दै त्यस क्षेत्रमा ११ केभी लाइन चार्ज गरिने जनाएको थियो । त्यसैले सावधानी अपनाउन भनेको थियो । तर, कार्यालयकै असावधानीले एक जना मजदुरको मृत्यु भएको छ ।

घटनाको अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय काभ्रेबाट प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरको कमाण्डमा टोली खटाइएको छ ।

### बुटवलको एउटा सफल उद्योग :

# जसले मान्छेको टाउको र देशको पैसा जोगाइरहेछ





**टिआर शर्मा**
*बुटवल*

२०७० सालसम्म नेपालमा विदेशी हेल्मेटको एकछत्र प्रभुत्व थियो । यहाँका केही व्यवसायीले एसेम्बल गरेर फाइबरका हेल्मेट त बनाउँथे, तर ती गुणस्तरमा एकदमै कमसल थिए । जब बुटवलका सुमन बस्याल (३३ वर्ष) ले आफ्ना बुबा रामप्रसाद बस्यालले चलाइरहेको कोहिनुर मेटल उद्योगअन्तर्गत नेपालमै पहिलो पटक 'फुल्ली म्यानुफ्याक्चरिङ' हेल्मेट उद्योग सञ्चालनमा ल्याए, नेपाल हेल्मेटमा आत्मनिर्भर भयो । यद्यपि भारत र अन्य मुलुकबाट विदेशी हेल्मेटको आयात भने भइरहेको छ ।

सुमन भन्छन्-'बुबाले सुरु गर्नुभएको उद्योगले लेग गार्ड उत्पादन गरिरहेको थियो, त्यसैमा बलियो र गुणस्तरीय हेल्मेटको उत्पादन सुरु गरेपछि छोटो समयमै व्यावसायिक रूपमा सफल भयौं । नेपाल अहिले हेल्मेटमा आत्मनिर्भर भएको छ ।' हुन पनि जब बस्यालले कोहिनुर र केपीआई ब्रान्डका स्वदेशी हेल्मेट उत्पादन सुरु गरे, ती दुवैले गुणस्तर र मूल्य दुवैमा बजार पिट्न थाले । र, एक वर्षमै विदेशी हेल्मेटसँगको प्रतिस्पर्धामा अगाडि आए ।

दैनिक ५०० थानबाट उत्पादन सुरु गरेको सुमनको उद्योगले अहिले ४ हजार संख्यामा हेल्मेट उत्पादन गर्न सक्छ । उनी आफ्नो उद्योगले मात्रै वार्षिक ४० करोड रुपैयाँ बराबरको हेल्मेट उत्पादन गर्ने बताउँछन् । विदेशबाट पार्टपुर्जा आयात गरेर एसेम्बल गरी हेल्मेट बनाउनेहरूले पनि सुमनको सफलता देखेर अहिले यहीं आफ्नै उद्योग सुरु गरेका छन् ।

**अष्ट्रेलिया सपना थन्क्याएर हेल्मेट उद्योग**

२०७० सालताका संविधानसभाबाट संविधान बन्न सकिरहेको थिएन । सबै भन्थे- नेपालमा राजनीतिक संक्रमण लम्बिइरहेको छ । वातावरण पनि त्यस्तै थियो, हरेक दिनजसो विभिन्न वर्ग, समुदायले आन्दोलन गर्थे । देशमा पढ्ने र उद्योग व्यवसाय गर्ने माहोल बिथोलिएको थियो । त्यसबाट आजित युवाहरूमध्ये एक थिए, बुटवलका सुमन ।

उनी दिक्दार मान्दै साथीहरूसँग अष्ट्रेलिया जाने तयारी गरिरहेका थिए । घरको एक्लो छोरो विदेश जाने तयारीमा लागेपछि सुमनका बुबा रामप्रसाद बस्यालले देशमै थप केही नयाँ उद्यम गर्नुपर्छ भनेर सम्झाए । रामप्रसाद आफैँमा स्थापित उद्योगी थिए । उनले २०४५ सालदेखि कोहिनुर मेटल उद्योगबाट एअरकुलर उत्पादन गर्दै आएका थिए । २०५८ सालबाट मोटरसाइकलको लेगगार्ड उत्पादन पनि सुरु गरेका थिए । यी दुवै उद्योग एअरकुलर र लेगगार्ड उत्पादन गर्ने नेपालका पहिला उद्योग थिए । लेगगार्डले त नेपालमा शतप्रतिशत आयात प्रतिस्थापन गरेको थियो ।

रामप्रसादले सुमनलाई अहिले चलेका आफ्ना दुई उद्योग जस्तै नेपालमा अब कुन उद्योगको राम्रो सम्भावना छ भनेर अध्ययन गर्न भने । सिक्किमको मनिपाल युनिभर्सिटीबाट एमबीए गर्दै गरेका सुमनले दिमाग चलाए । उनलाई एक दिन क्लिक भयो- आफ्नो उद्योगको लेगगार्डको बजार राम्रो छ, यससँगै हेल्मेट पनि थप्न सके पक्कै बजारमा ठाउँ लिन सजिलो हुन्छ ।

सुमनले बुवासँग विदेशीसँग प्रतिस्पर्धा गर्न सक्ने राम्रो हेल्मेट बनाउने हो भने बजार छ र यसमा सफल हुन सकिन्छ भने । रामप्रसादलाई पनि यो आइडिया गज्जब लाग्यो । अनि छोरालाई अष्ट्रेलिया जाने सपना छाडेर हेल्मेट उद्योगको नेतृत्व गर्ने भए ५ करोड लगानी जुटाउने वचन दिए । सुमन पनि अष्ट्रेलिया सपना थाती राखेर उद्योग चलाउन राजी भए ।

हेल्मेट उद्योग खोल्ने निधो त भयो, तर यसको मेसिन, प्राविधिक पक्षबारे केही थाहा थिएन । नेपालमा हेर्न, सिक्न जाऔं भने 'फुल्ली म्यानुफ्याक्चरिङ' उद्योग कसैको थिएन । त्यसैले सुमन र उनका बुवा भारतको दिल्ली, मुम्बई, अहमदावाद तथा चीनका विभिन्न शहर घुमेर हेल्मेट उत्पादनको समग्र पक्ष बुझ्न थाले । अनि भारतबाट मोल्ड (डाइ) मेशिन ल्याएर बुटवल औद्योगिक क्षेत्रमा २०७० सालमै उत्पादन सुरु गरे । तर भाइजरको फिनिसिङ राम्रो भएन ।

यसमा थप अध्ययन अनुसन्धान जरूरी पऱ्यो । बस्याल बाबु-छोरा पाँच पटक चीन गएर त्यहाँको प्रविधि सिके । 'बल्ल भाइजरको पेन्ट (रंग) को गुणस्तर सुधार गर्न सकियो,' सुमन सम्झन्छन्-'एकपटक त भारतबाट दैनिक एक लाख रुपैयाँ ज्याला दिने शर्तसहित पेन्ट टेक्निसियनलाई झिकाएर एक हप्ता राखेर काम गरेपछि भाइजरलाई विदेशी हेल्मेट सरह आउटलुक र फिनिसिङ दिन सकियो ।'

यसबिचमा सुमनले सम्झौता नगरेको विषय हो- हेल्मेटको गुणस्तर र आउटलुक फिनिसिङ । गुणस्तरका लागि सम्झौता नगरी लगानी गरेपछि उनलाई पछाडि फर्केर हेर्नुपरेको छैन । उनी विगत सम्झिँदै भन्छन्- 'गुणस्तरमा कहिल्यै सम्झौता गर्न हुन्न भन्ने सोंचले चाडपर्व र दिनरात नभनी महिनौंसम्म भारत र पाँचपटक चीन गएर नेपाली हेल्मेटलाई विदेशीसँग सजिलै प्रतिस्पर्धा गर्न सक्ने बनायौं ।'

४० करोडको हेल्मेट आयात रोक्ने गरिको उपलब्धि हात लागेको बारे सुमनको प्रतिक्रिया छ- 'यसले देशका लागि साँच्चै केही गरिएछ भन्ने लाग्छ ।'

उद्योगले सुरुमा दैनिक ५०० थान हेल्मेट उत्पादन गर्थ्यो ।

» बाँकी ३ पेजमा

## टुक्रे योजना निरुत्साहित : मुख्यमन्त्री



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले योजनाबद्ध विकासलाई प्रमुख प्राथमिकतामा राखेर काम अघि बढाएको बताएका छन् ।

धानखोला देउराली-हर्रे-चाक्ला मोटरबाटो कालोपत्रे सडक शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले विकास निर्माणका कामलाई योजनाबद्ध रूपमा अघि बढाउन प्रमुख प्राथमिकतामा राखेको स्पष्ट पारे ।

उनले प्रदेश सडक गुरु योजना निर्माण गरिएको र सोही प्राथमिकताको आधारमा सडक क्षेत्रमा लगानी गरिने जानकारी दिए । 'परिणाम नदेखिने काममा सरकारले लगानी गर्दैन । साना र टुक्रे योजनालाई निरुत्साहित गर्न थालेका छौँ,' उनले भने-'साना सडकमा स्थानीय सरकारले लगानी गर्ने र मझौला सडकमा प्रदेश सरकारले लगानी गरेर सम्पन्न गर्ने नीति लिएका छौँ ।'

मुख्यमन्त्री आचार्यका अनुसार लुम्बिनी प्रदेशमा करिब ३ हजार सडक छन् । अहिले तीमध्ये ७ सय सडकलाई प्रदेश सरकारले हेर्नेगरी योजना अघि बढाइएको छ ।

धानखोला देउराली-हर्रे-चाक्ला मोटरबाटो सडकलाई बृहत् सडकको रूपमा प्राथमिकतामा राखिएको र संघीय सरकारसँग समेत पहल भइरहेको जानकारी दिए ।

उक्त सडक प्रदेश राजधानीसँग जोड्ने सहज मार्गको रूपमा रहने र नागरिकलाई पहुँच सुनिश्चित गर्ने बताए । सरकारले बनाउने पूर्वाधारहरू नागरिकको जीवनस्तर उकास्नका लागि केन्द्रित हुनुपर्नेमा मुख्यमन्त्री आचार्यले जोड दिए ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# मान्छेको जीवनका लागि पानी

जलवायु परिवर्तनले मान्छेको जीवन संकटमा पर्न थालेको छ। लामो समय खडेरी पर्ने, वर्षा भए पनि राम्ररी मुल फुट्ने गरी वर्षा नहुने, कतिपय ठाउँमा अधिक वर्षा हुने र कतिपय ठाउँमा न्यून वर्षा हुने प्रवृत्ति प्रकृतिमा देखिएको छ। अत्याधिक वर्षा, न्यून वर्षा र खडेरीको मारमा मानव जीवन आक्रान्त छ।

जलवायु परिवर्तनका कारण पानीको चरम संकट देखिन थालेको छ। पानीका मुहान सुक्दै गएपछि पहाडी बस्ती खानेपानी अभाव भोल्दै छन्। गएको हिउँदमा हिमालमा पर्याप्त हिउँ परेन्। हिमपात भएकाले हिमाली क्षेत्रका बासिन्दाको मुहारमा चमक आए पनि सेतै देखिने डाँडा उराठलाग्दा काला देखिए। डढेलोले तराई र पहाडको वन सखाप भयो। वनमा लागेको डढेलो बस्तीमा पस्दा धेरै गाउँबस्ती खरानी भए।

जलवायु परिर्वतनको भयङ्कर कठिन दिनको सामना गर्नुपर्ने चेतावनी वैज्ञानिकहरुले दिइरहेका बेला यतिखेर हामी त्यही कठिन दिन बिताउँदै छौं। गुल्मी र अर्घाखाँचीका ग्रामीण बस्ती हिउँदको मध्यतिरबाट खानेपानीको संकट सामना गर्दैछन्। पहिलेका कुवा र पँधेरा मासिए। घर-घरमा आएका धारामा पानी चुहिन छाड्यो। पुर्खाको मिहिनेत र लगनमा बनेका पँधेरा र कुवा समाप्त पार्दाको दुःख अहिले भोल्दैछन्। कुवा र पँधेरा गाउँका पहिचान थिए। मान्छेका लागि मात्रै नभएर अरु जीवजन्तुका लागि पनि पानीको स्रोत थिए। गाउँमा विकास पस्यो, एकघर एक धारा अभियान चल्यो, पँधेरा र कुवा मासिए। धारा जोडिए, तर खानेपानीको मुहान सुकेपछि धारामा पानी आउन सम्भव भएन्।

त्यसो त सम्भावित जोखिमको ख्याल गर्दै लुम्बिनी प्रदेश सरकारले गाउँ-गाउँमा रहेका पुराना पोखरी र पँधेरा पुनर्जीवित गर्ने गरी एक गाउँ एक पोखरी अभियान अघि बढायो। प्रदेश सरकारले दिन खोजेको सन्देश पोखरी जोगाउँ भन्ने हो, तर पोखरी र पँधेरा जोगाउन सरकारकै मुख ताक्ने प्रवृत्ति राम्रो होइन। समुदायले गाउँ-गाउँमा पोखरी जोगाउन सक्छन्। समुदायको परिचालनबाट पानीका मुहान जोगाउने, पोखरी खन्ने अभियान चलाउने र त्यो अभियानमा सरकार सहयोगी बन्न सक्छ। यो बेला पोखरी, पँधेरा र कुवालाई पुनर्जीवित गर्न र भएका पानीका मुहान जोगाउन तहगत सरकारले प्राथमिकता दिनुपर्छ। पानी नै जीवन हो। हरेक प्राणीको जीवन जोगाउन पानीका मुहान संरक्षण गरौं। पानीको सम्भावित संकटबाट पार पाउन पानीका मुहान जोगाउने र पुनर्भरण अभियान चलाउनुपर्छ।

# किन हुँदैन खाना महोत्सवमा नेपाली खानाको 'ब्रान्डिङ' ?



डी.आर. घिमिरे

*चाडबाडका हिसाबले पनि खानाका विशेषता छन्। दसैंमा सेल रोटी र मासुभात, अचार, घिउ, चिउरा, तिहारमा सेल रोटी, ठोकने, अनरसा, मासको बटुक, दही-चिउरा, अनदी चामलको भात, होलीमा पारम्परिक मिठाई गुँडपाक र कतैकतै भाँग, दही-चिउरा, माघे संक्रान्तिमा खिचडी, तिलको लड्डु, गहुँको रोटी, घिउ-चाकु, इन्द्रजात्रामा नेवारी खानाका रूपमा भात, मासु, छोयला, दाल, साग र मसलाहरूको मिश्रण गरेर बनाइने पौष्टिक खाना 'सम्हेबजी'। विशेष प्रकारले बनाइने चटनी, गाईजात्रामा दही-चिउरा, फलफूल, दूध-भातलाई पनि हामीले ब्रान्डिङ गर्न सक्छौं।*

लुम्बिनीमा बुद्ध जयन्तीको अवसर पारेर साँझमा खाना महोत्सव गर्ने परम्परा बसाल्न खोजिएको छ। यो आफैंमा राम्रो कुरा हो। केही दिनअघि लुम्बिनीमै भियतनामी खाना महोत्सवको आयोजना गरिएको थियो, जसमा अनदीको चामलबाट बनाइएको विशेष परिकार, केराको पातमा बेरेर राखिएको वनबाओ, स्वीट सुप चे, भियतनामी कोल्ड टी र भियतनामी जेली राउमाउ उपलब्ध गराइएको थियो। त्यस्तै मुङको दाल र अनदीको चामलबाट बनाइएको बन्तेत र पाकेको केराको पकौडा बन चुईलगायतका परिकार पनि रहेको समाचार सार्वजनिक भएको थियो। बुटवलमा होटल व्यवसायीले र देशैभरि समय-समयमा यस्ता महोत्सवहरू हुने गरेको पाइन्छ।

बुद्ध जयन्तीको अवसरमा देशी विदेशी पाहुना आउने भएकाले पनि नेपाली खाना महोत्सवले पहिचान र खानाको 'ब्रान्डिङ'मा सघाउ पुग्ने कुरामा दुई मत छैन। यस अवसरमा विदेशी खानासमेत राखिनु त्यति उचित हुँदैन कि भन्ने लाग्छ। विदेशी खानाको प्रचार हामीले गरी दिनुपर्ने अवस्था निश्चय नै छैन। फेरि प्रायः पर्यटकहरू जुनसुकै देशका होऊन्, अन्य मुलुकमा जाँदा सोही देशको संस्कृति, खानपान र विशिष्टतामै रमाउने गर्छन्। हामी सबैको कर्तव्य पनि यो हो कि मौलिक संस्कृतिमा उनीहरूलाई रमाउने वातावरण बनाइदिनुपर्छ। कसैले आफ्नो देशको स्वाद लिन चाहन्छ भने होटलले उपलब्ध गराउनु जायज हो भने महोत्सवमै राख्नु सान्दर्भिक हुँदैन। यो कुरा अर्कै हो कि नेपाली खानालाई स्वादका हिसाबले मात्र हैन, स्वास्थ्यका हिसाबले पनि 'ब्रान्डिङ' गरिनुपर्थ्यो।

यो वर्ष म तीन पटक भारत गएँ। राजस्थान र बैंगलोरको अनुभवलाई हेर्दा स्थानीय खाना नै मेरो पहिलो रोजाइमा रह्यो। ममात्र होइन, अन्य सहयात्री सबैको त्यस्तै रह्यो। कैयौं भारतका ख्यातिप्राप्त होटल भारतीय खानाकै कारण चर्चित रहेछन्। बैंगलोरको दी रामेश्वरम् क्याफेमा खाना खाँदा म छक्कै परें। राति करिब ११ बजे पुग्दा असाध्यै भिडभाड थियो। पहिले नै पूर्जी काटेर लाइनमा बसेर खाना लिनुपर्ने र उभिएरै खानुपर्ने रहेछ। राति २ बजेसम्म चल्ने सो होटल साकाहारी थियो र त्यहाँको प्रमुख खाना मसाला डोसा, थरीथरीका इडली, मसुरो वा उडदको दालबाट बनाइएको साम्भार। स्वास्थ्यवर्द्धक परिकारका साथ नरिवलको चट्नी। यहाँको रवा इडली जो सुजी (रवा) बाट बनाइने दक्षिण भारतका अन्य भागको भन्दा भिन्न स्वादको हुने रहेछ। मीठै मानेर खायौं।

यसबाहेक यहाँको प्रसिद्ध खाजा चामल, दाल, तरकारी, र मसलाहरू मिसाएर बनाइएको गरम भोलिलो 'बिसी बेले बाथ'('बिसी' भनेको 'तातो', 'बेले' भनेको 'दाल', 'बाथ' भनेको 'चामल') पनि चर्चित रहेछ। एक जना स्थानीय व्यक्तिले हामीलाई यसबारे जानकारी गराए। पाँचवटा शाखा रहेको यस क्याफेमा दैनिक १० हजारभन्दा बढीले खाना खाँदा रहेछन् र यही शाखाको मात्र दैनिक कारोबार करिब ३० लाख पुग्दोरहेछ।

यो त उदाहरण मात्र हो। भारतमा यस्ता स्थानीय खाना खुवाउने पर्याप्त होटलहरू छन्। खोज्दै जाँदा थाहा भयो- सन् १९३९ मा केरलमा स्थापना भएको प्यारागन रेस्टुरेण्ट पारम्परिक बिरयानी र समुद्री भोजनका लागि, १९०५ मा स्थापित लखनऊको टुंडे कबाबी होटल गलौटी कबाब र मुगलाई व्यञ्जनका लागि, १९७५ मा स्थापित कोलकाताको पीटर कैट कबाब र पिस्ता आइसक्रिमका लागि, १९५६ मा स्थापित हरियाणा मुरथलको अमरिक सुखदेव ढाबा आलु पराठा र देसी ढाबाका लागि, दिल्लीको इन्डियन एक्सेन्ट भारतीय व्यञ्जन र स्वादका लागि भारतभरकै पहिलो नम्बरमा आउने रेस्टुरेन्ट रहेछन्।

गोवामा द ब्लाक सीप बिस्ट्रो स्थानीय माछा, मासु र शाकाहारी परिकारका लागि, हैदराबादको बापार्चि बिरयानीका लागि, मुम्बईमा सन् १९४६ मा स्थापित बाडमिया मटन र चिकन कबाब, बाइदा रोटी र बिरयानीका लागि प्रसिद्ध मानिने रहेछन्। सयौं वर्षदेखि एउटै तरिकाले चलाएर उनीहरू स्थापित देखिन्छन्। प्रायः विदेशीहरू पनि तिनै खानाको स्वादमा रमाएका देखिन्छन्। हामीकहाँ यसको ठिक उल्टो छ। नेपाली पहिचान दिने र नेपाली स्वादलाई हामीले बेवास्ता गर्छौं।

नेपालमा थकाली समुदायले एक हदसम्म पहिचान बनाएको पाइन्छ, तर अरु धेरै कुरा गर्न बाँकी छ। महोत्सव आदिमा अलिकति ध्यान दिने हो भने पहिचान स्थापित गर्न सकिन्छ। नेपाली होटलहरूले के खुवाउन सक्छन् त ? खाना भनेकै दाल, भात, तरकारी भन्ने बुझाइमा पनि समस्या छ। खाजा-नास्तामा त हामी पूरै आयातित भयौं। मासु, चिउरा, मम, चाउचाउ, चाउमिनलाई सर्वश्व मान्ने प्रवृत्ति देखिन्छ। हामीकहाँ प्रायः सबै चाडहरूमा फरक-फरक खाना खाने गरिन्छ। के तिनलाई वर्षैभरि खुवाउने गरी होटलहरूले व्यवस्थापन गर्न सक्दैनन् ?

नेपालले पनि खानामा विविध परिकार तथा व्यञ्जन बनाएर बेच्न सक्छन्। पूर्वी नेपालमा किराँत समुदायमा उभौली पर्वमा प्रिजर्व्ड खाना खाने गर्छन्। भ्ाङ (किनेमा/फर्मेन्टेड बाँसको अंकुर), बाँसको अंकुर (तामा, मेसी) लाई फर्मेन्टेड गरेर बनाइने खट्टो-पिरो तरकारी, भेंडा, बाख्रा वा कुखुराको मासु सुकाएर मसला लगाइएको सुख्खा व्यञ्जन वोन्चा केही उदाहरण हुन्। त्यस्तै गुँड वा चिनी भरिएको दूध वा घिउसँग खाने योमरी (चामलको पिठोबाट बनेको मिठाइ), जंगली सागको रूपमा घिउ र मसलासँग पकाउने सिमी, निगालोको तरकारी, चिउरा-दही घिउ मिसाएर खाइने खाजा, कोदो, मकै वा चामलको पारम्परिक रक्सी, भ्ाङ र मोही जस्ता फर्मेन्टेड व्यञ्जनहरू किराँतहरूको जीवनशैली र स्वास्थ्यसँग जोडिएका छन्।

थारुहरूको संस्कृतिमा पनि अनेक खानाका परिकार छन्। केराको फूलको तरकारी बगिया जुन लसुन, हल्दी, जीरा मिसाएर घिउमा पकाइन्छ। हिङ्ग र मसलासँग घिउमा पकाइने जंगली पालुंगो, सिस्नाको साग, गहुँको पिठोबाट बनाइने ढिकरी, मकैको रोटी (सुकुली), लसुन, खुर्सानी, नुनसँग बनाइने भटमासको चटनी, तिलको लड्डु थारुका पहिचानयुक्त खाना हुन्। माछा, घिउ-चामल, र कन्दमूल उनीहरूका रोजाइका खाना हुन्। ढिक्री र चिच्चर उत्तिकै खानयोग्य परिकार छन्।

नेपालमा खानाका लागि थकाली समुदायको चर्चा नगरी सुखै छैन। थकालीको पारम्परिक खाना नेपालभर प्रसिद्ध छ। मुस्ताङको दक्षिणी भाग थक क्षेत्रबाट आएका थकाली खानामा आलुलाई प्रमुख रूपमा लिइन्छ। आलुको अचार, घिउ, जीरा, हिङ्ग लगाएर बनाइने आलु तरकारी, तातो तेलमा सेकेको आलु, घिउ मिसिएको भात, मुग वा मसुर दाल, सुकेको वा ताजा साग, सुकेको मासु सुकुटी, मासुको मसलादार तरकारी ककरोलका साथै थरी थरीका अचार र चटनीखानाका विशेषता हुन्। भेराइटीका हिसाबले थकाली खाना चर्चित छ। एउटा आलुका तीन चार थरी परिकार हुन्छन्। टिमुर-लसुनको अचार, धनिया, लसुन, खुर्सानी मिश्रित चटनी, मकै, कोदो, फापर र गहुँको पिठोबाट बनेको ढिँडो आदि खाना स्वास्थ्यका हिसाबले पनि स्वस्थकर मानिन्छन्। फर्मेन्टेड गुन्द्रुकविनाको खाना कहिल्यै हुँदैन।

चाडबाडका हिसाबले पनि खानाका विशेषता छन्। दसैंमा सेल रोटी र मासुभात, अचार, घिउ, चिउरा, तिहारमा सेल रोटी, ठोकने, अनरसा, मासको बटुक, दही-चिउरा, अनदी चामलको भात, होलीमा पारम्परिक मिठाई गुँडपाक र कतैकतै भाँग, दही-चिउरा, माघे संक्रान्तिमा खिचडी, तिलको लड्डु, गहुँको रोटी, घिउ-चाकु, इन्द्रजात्रामा नेवारी खानाका रूपमा भात, मासु, छोयला, दाल, साग र मसलाहरूको मिश्रण गरेर बनाइने पौष्टिक खाना 'सम्हेबजी'। विशेष प्रकारले बनाइने चटनी, गाईजात्रामा दही-चिउरा, फलफूल, दूध-भातलाई पनि हामीले ब्रान्डिङ गर्न सक्छौं।

त्यस्तै जनै पूर्णिमामा पुरी, हलुवा, दूध, दही-भात, बुद्ध पूर्णिमामा सात्विक भोजनका रूपमा खीर, छठमा गहुँको पिठोबाट बनेको मिठाई ठेकुवा, नरिवल, गुँड आदि, ल्होसारमा तिब्बती परिकार मोमो, थुक्पा, ग्युमो (मिठाई), गुरुङहरूले खाने आलु, मासु र फर्मेन्टेड खाना, जौको पेय तोङ्बा, मगरहरूको खानामा कोदो, मकै, फापर जस्ता अन्न र सुकेको मासु हुन्छ। कोदो वा मकैको ढिँडो वा दलिया, सुकाएको मासु, जंगली कन्दमुलको तरकारी उल्लेख्य छ। प्रायः जातजातिमा घरायसी ढंगमा बनाइने रक्सी हुन्छन्। जस्तैः मगरको स्थानीय रक्सी, गुरुङको तोङ्बा, किराँतको जाड पारम्परिक मद्यपेय हुन्। यस्ता पेयलाई नै मद्यपानको रूपमा खुवाउनुपर्नेमा हामीले विदेशी रक्सी नै खुवाउँदा आनन्द मान्छौं। पारम्परिक मद्यपानमा भ्यालु एड गरेर बिक्री गर्ने संस्कृति पनि बसाल्नुपर्नेछ हामीले।

जनकपुर क्षेत्रमा मिथिला संस्कृति मौलिक प्रकृतिको छ। जहाँ माछा-भात, आलुको तरकारी, चटनी वा पापडसँग दही-चिउरा, ढिकरी (ढिँडो) वा भातसँग खाने तरुलको तरकारी, मकैको रोटी, पानी, नुन, कागती र मसलासँग मिसाएर पेय पदार्थका रूपमा खाने मिश्रित सातु र विभिन्न प्रकारका मिठाईहरू क्रिस्पी, अनरसा, लड्डु, बालुशाही, मालपुआ यस क्षेत्रमा प्रसिद्ध छन्। जनकपुरको खानामा सर्सिउँको तेल, जीरा, हिंग, मेथी, अदुवा जस्ता मसलाको प्रयोग गरिन्छ, जुन भान्साका औषधि हुन्। सुदूर पश्चिमको पनि फरक विशेषता छ। जहाँ कोदो, मकै वा फापरको ढिँडो र रोटी, सेल रोटी, घिउको ज्यादा प्रयोग हुने गर्छ। लसुन, हरियो खुर्सानी र घिउ मिसाएर बनाइने भटमासको साग, लसुनको चटनी, गोलभेंडाको अचार, सिस्नोको तरकारी, मकै, कोदो वा चामलबाट बनेको स्थानीय मदिरा आदि सादा र पौष्टिक खानेकुरा हुन्। भौगोलिक अवस्थिति, जलवायु र सांस्कृतिक परम्पराले यहाँको खानालाई अलग बनाएको छ।

आखिरी यस्ता विषयमा किन ध्यान जाँदैन त्यस्ता महोत्सवहरूमा। खाना महोत्सव गर्दा अन्तरघुलन हुनुपर्ने हैन ? विदेशी खानाको साटो के देशभित्रैका खानाको महोत्सव गर्न सकिँदैन ? यसो गर्दा मुलुकको पहिचानमा सहयोग पुग्छ। नेपालीले नै सातै प्रदेशका खानाबारे जान्न र खान पाएका छैनन्। के तिनलाई एउटै थलोमा राख्ने व्यवस्था गर्न सकिँदैन ? मेरो विचारमा सकिन्छ।

भारतका चर्चित रेस्टुरेण्टहरूले स्थानीय परिकारलाई विशेष महत्व दिएका छन्, जसले देशको सांस्कृतिक विविधता र पाककला परम्परालाई विश्वभर चिनाएको पाइन्छ, तर नेपालले स्थानीय खानालाई प्राथमिकता दिनुको साटो विदेशी खानाकै प्रमोशन गरेको पाइन्छ। अब होटल व्यवसायीहरूले यसतर्फ ध्यान दिने कि ? खानाको महोत्सव गर्दा हरेक खानाका फाइदा बेफाइदाका पनि कुरा हुनुपर्छ। पर्यटनको कुरा गर्दा ऐतिहासिक साँस्कृतिक र पुरातात्विक महत्वका स्थानहरू, उद्यान, धार्मिकस्थल र हिल स्टेशनको कुरालाई मात्र प्राथमिकता दिने गरिन्छ। हो यी सबै विषय पर्यटकीय स्थल हुन्, तर त्यस्ता ठाउँमा गएपछि के खाने भन्ने कुरा पनि औधी महत्वको हुन्छ। यो विषय होटल व्यवसायीले त जान्नैपर्ने कुरा हो। उनीहरूले खानालाई नै 'ब्रान्डिङ' गरे पुग्छ। हरेकले हरेक विषय हैन, हरेकले आफ्ना विषय उठाउने हो भने पर्यटनका लागि सहयोग पुग्छ।

अन्तमा अलिकता कुरा 'फर्मेन्टेड' (एउटा वस्तु अर्कोमा रूपान्तरणका क्रममा हुने रासायनिक प्रक्रिया) बारे गर्नुपर्नेछ। दूध फर्मेन्ट भएपछि दही बन्छ। सागलाई फर्मेन्ट गरेर सुकाइन्छ र गुन्द्रुक बनाइन्छ। मसला र नुनसहित केही समय राख्दा फर्मेन्टयुक्त अचार हुन्छ। यस्ता खानाले पाचनमा सजिलो बनाउँछ। शरीरलाई चाहिने लाभदायक सूक्ष्म जीवहरू यस्तै खानामा पाइन्छ। यिनले रोग प्रतिरोधी शक्ति बढाउँछ र बी कम्प्लेक्स जस्ता केही भिटामिनहरू पनि पाइन्छ।

यसरी हेर्दा गुन्द्रुक, सिन्की, तामा, मोही, दही, किनेमा (भटमासबाट बनेको), मसौरा, छुर्पी, जाँड, छ्याङ, तोङ्बा, भक्का, ताडी आदि फर्मेन्टेड हुन् भने कतिपय चटनी, अचारलाई पनि बनाउन सकिन्छ। यस्ता नेपाली परम्परागत खाद्यपदार्थ प्रो-बायोटिक्सका सबैभन्दा धनी स्रोत हुन्। यी खाद्यपदार्थको औसत सेवनबाट अर्बौं लाभदायक सूक्ष्म जीवहरू पेटमा थपिने गर्छन्। यिनको नियमित सेवनले लाखौंदेखि अर्बौं सूक्ष्म जीव शरीरमा प्रवेश गराउँछ। थकाली खानामा गुन्द्रुकको अचार नियमित हुनु स्वास्थ्यका दृष्टिले अत्यन्तै उचित छ। भनिन्छ, मासु नखानेका लागि त यो अनिवार्य नै मानिन्छ। गुन्द्रुकलाई मस्यौरा र माछाको ग्रेभी बनाउँदा वा गुन्द्रुकको भोलको रूपमा पनि खान सकिन्छ। यसलाई ठूला तारे होटलहरूले हिमालय सुपको रूपमा खुवाउने गर्छन्। यसको महत्वलाई उजागर गर्ने हो भने नेपालीले नै बनाएको गुन्द्रुकले कति बजार लिने थियो होला ? आज चीनबाट आयात गरेर खाने अवस्था छ।

भनिन्छ, शरीरको तौल घटाउन, क्यान्सरको सम्भावनालाई कम गर्न, आँखाको दृष्टिका लागि, आँखामा हुने अल्सरको सम्भावनालाई कम गर्न, स्मरणशक्ति बढाउन, कोलस्ट्रोल कम गर्न, शरीरका हड्डी मजबुत बनाउन, कोल्ड लुबाट बचाउन गुन्द्रुक सहयोगी हुन्छ।

# उच्च रक्तचाप अर्थात् 'सुषुप्त हत्यारा ' लक्षण, कारण र रोकथाम

डा.अनिल भट्टराई

शरीरको रक्तचाप सामान्य भन्दा बढी हुनुलाई उच्च रक्तचाप भनिन्छ। रक्तचाप माथिल्लो सिस्टोलिक र तल्लो डायस्टोलिक गरी दुई प्रकारको हुने गर्छ।

माथिल्लो रक्तचाप ११० देखि १३० हुनुलाई सामान्य मानिन्छ, भने तल्लो रक्तचाप ७० देखि ८० भएको अवस्थालाई सामान्य मानिन्छ। हालको नयाँ निर्देशिका अनुसार भने १३० देखि १४० को बीचलाई सामान्य उच्च रक्तचाप भन्ने बुझिन्छ। अर्थात् ८० र ९० बीचलाई पनि सामान्य उच्च रक्तचाप भन्ने बुझिन्छ। त्यस्तै दोस्रो ग्रेडमा १४० र १६० को बीचलाई उच्च रक्तचाप भनेर परिभाषित गरिएको छ। यदि माथिल्लो रक्तचाप १४० भन्दा माथि र तल्लो ९० भन्दा माथि रहेको अवस्थामा सामान्यतया चिकित्सकहरुले उच्च रक्तचापको औषधि सेवनका लागि सिफारिस गर्छन्।

**नेपालमा उच्च रक्तचाप**

नेपालमा उच्च रक्तचाप भएका व्यक्तिहरु बारेको यकिन सर्वेक्षण भएको छैन। त्यसकारण उच्च रक्तचाप भएका व्यक्तिहरु क्ति छन् भनी निश्चित रुपमा भन्न सक्ने अवस्था छैन। यद्यपि विभिन्न अध्ययन अनुसन्धानले पत्ता लगाए अनुसार नेपालमा १०-१५ प्रतिशत मानिसहरुमा कुनै न कुनै रुपमा उच्च रक्तचापको समस्या रहेको पाइएको छ। यो केही संस्थाहरुले संस्थागत रुपमा पत्ता लगाएको तथ्यांक हो।

**उच्च रक्तचापका लक्षणहरु**



कतिपय अवस्थामा कुनै लक्षण बिना नै मानिसमा रक्तचापको समस्या आउने गर्छ। यद्यपि टाउको दुख्ने, रिंगटा लाग्ने, छाती दुख्ने तथा भारी हुने, मुटु ढुकढुक हुनेलगायतका लक्षणहरु देखिन सक्छन्। यदि उच्च रक्तचापका कारण अन्य अंगहरुमा समेत असर परेको अवस्थामा दृष्टिमा समेत समस्या ल्याउन सक्छ। उच्च रक्तचापका कारणका मृगौलाले सही रुपमा काम नगर्न पनि सक्छ।

लामो समय उच्च रक्तचापको समस्या पश्चात् स्ट्रोकको समस्या देखा पर्न सक्छ।

**कुन अवस्थामा बिरामीलाई औषधि सिफारिस गरिन्छ ?**

उच्च रक्तचापमा बिरामी उमेर हेरेर चिकित्सकहरुले औषधि सेवनका लागि सिफारिस गर्छन्। सामान्यतया सिस्टोलिक रक्तचाप १४० भन्दा माथि तथा डायस्टोलिक रक्तचाप ९५ माथि भएको अवस्थामा औषधि सिफारिस गरिन्छ।

विश्व स्वास्थ्य संगठनका अनुसार औषधि सेवन गरिसकेका मानिसहरुमा १ वर्षसम्म निरन्तर रुपमा रक्तचाप कम भएको अवस्थामा औषधि छोड्न मिल्छ। त्यो बाहेक यदि कसैलाई न्यूनतम डोजको औषधि दिइएको छ, त्यो अवस्थामा बिरामीले जीवनशैली परिवर्तन गरेमा पनि औषधि सेवन छोड्न मिल्ने पनि हुनसक्छ। यद्यपि एक पटक उच्च रक्तचापको औषधि सेवन गरिसकेका अधिकांश मानिसमा औषधि छुट्याउन मिल्ने सम्भावना एकदमै कम हुन्छ।

**उच्च रक्तचापका कारण हुने जोखिम**

उच्च रक्तचाप भएका मानिसहरुले लामो समयसम्म पनि औषधिको सेवन नगरेमा मुटुको मांशपेशीहरु बाक्लो हुँदै जाने सम्भावना रहन्छ। लामो समयपछि त्यसले मुटुको च्याम्बर सानो हुँदै जान्छ। यस्तो अवस्थामा सामान्य हिडाइँमा पनि स्वाँ-स्वाँ हुने गर्छ। समयमा उपचार नगरेमा उच्च रक्तचापका कारण कोलेस्ट्रोरेल उच्च हुने, हृदयाघात हुने, पक्षघात हुने, मिर्गौला फेल हुने, आँखाको ज्योति गुम्ने, मुटुबाट निस्केको ठूलो नशा वा एओर्टा फुट्नेसम्मका जोखिम हुनसक्छ। जसले मान्छेको ज्यान जाने सम्मको खतरा हुनसक्छ। त्यसकारण उच्च रक्तचापलाई साइलेन्ट किलर अर्थात् 'सुषुप्त हत्यारा' पनि भन्ने गरिन्छ। त्यसकारण उच्च रक्तचापलाई बेवास्ता गरी नियमित रुपमा औषधि सेवन नगरेमा यसले मानिसको ज्यान लिन्छ।

विश्वका ३० प्रतिशत मानिसहरुमा कार्डियो भाष्कुलर रोग रहेको अनुमान गर्न सकिन्छ। संसारमा हुने कुल मृत्युमध्ये ३० प्रतिशत मृत्यु यसका कारण हुने गरेको छ। जसमा हृदयाघात, मस्तिष्कघात लगायत सम्पुर्ण रोगहरु पर्छन्।

**उच्च रक्तचाप हुनबाट कसरी बच्ने ?**

-परिवारका अग्रजमा उच्च रक्तचापको समस्या भएका व्यक्तिले ३५ वर्ष पूरा भएपछि नियमित रुपमा रक्तचापको परीक्षण गर्ने।

-अल्कोहल तथा बढी मात्रामा माछामासुको सेवन नगर्ने।

-नियमित रुपमा शारीरिक व्यायाम गर्ने।

-शरीरमा कोलेस्ट्रोरेल र सुगरको मात्रालाई नियन्त्रण गर्ने।

-नुनको सेवन कम गर्ने।

-कफीको सेवन कम गर्ने।



**स्काई साईकिलिङः**
दाङको घोराही उपमहानगरपालिका-१८ स्थित घोरदौराको स्काई साईकिलिङमा रमाउँदै आन्तरिक पर्यटक। तस्विरः कुलदीप न्यौपाने/रासस

# गाउँ-गाउँका किसानको पहुँचमा आधुनिक कृषियन्त्र

बागलुङ । एक दशक अगाडिसम्म परम्परागत खेती प्रणाली अपनाएका बागलुङका किसान पछिल्लो समय आधुनिक यन्त्रको प्रयोग गर्न थालेका छन् । उनीहरूले खेतबारी जोत्न, धान, गहुँ काट्न र चुट्न आधुनिक यन्त्रको प्रयोग गर्न थालेका हुन् । जिल्लाको ग्रामीण क्षेत्रसम्मै किसानले यान्त्रिक हलो, 'थ्रेसर मेसिन', चाप कटरलगायतका यन्त्रहरू प्रयोग गर्दै आएका छन् ।

कामलाई छिटो हुने र शनक्ति कम लाग्ने हुँदा हिजोआज आधुनिक यन्त्रणको प्रयोग गर्न थालेको गलकाट नगरपालिका-८ का किसान बलिभद्र सापकोटाले बताए । पहिले आठ/दश मुरी गहुँ काट्नका लागि १२ जना खेतलाले दिनभरि काम गर्नुपरेको स्मरण गर्दै उनले अहिले 'थ्रेसर मेसिन'ले एकैछिनमा काम गर्न सकिने अनुभव सुनाए ।

उनले भने-"गाउँमा पहिले हल गोरूले बारी जोत्ने, थुप्रै खेताला लगाएर धान, गहुँ काट्ने र भित्र्याउने गरिन्थ्यो, अहिले पहिलेको जस्तो खेतला पनि पाइँदैनन्, धेरैले मेसिन लिएर बारीमा काम गर्न थालेका छन्, मान्छेले दिनभरि गर्ने काम मेसिनले एकै घण्टामा गर्छ, धेरै झन्झटिलो पनि भएन, त्यही भएर अहिलेका मान्छेहरू ऋण गरेर भए पनि मेसिन किन्न थालेका छन् ।"

काठेखोलाका किसान कुलप्रसाद कँडेलले बाली लगाउन र भित्र्याउनका लागि मेसिनले ठूलो भूमिका खेलेको बताए । पछिल्लो समय युवा शक्ति विदेश पलायन भएपछि गाउँमा खेतलासमेत पाइन छोडेको उनको भनाइ छ । अब सरकारले हरेक किसानलाई आधुनिक प्रविधिसँग जोडेर उत्पादन बढाउनका लागि सहयोग गर्नुपर्ने कँडेल बताउँछन् ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बर्सेनि यहाँका किसानलाई 'मिनिटेल हलो', चाप कटर, थ्रेसर मेसिनलगायतका यन्त्रहरू अनुदानमा दिँदै आएको बताए । आधुनिक यन्त्रले किसानलाई उत्पादनमा ठूलो टेवा पुर्‍याएको उनको भनाइ छ ।

"परम्परागत खेती प्रणाली विस्तारै कम हुँदै गएको छ, अहिले त गाउँ-गाउँमा आधुनिक हलो, थ्रेसरलगायतका थुप्रै औजारहरू भित्रिएका छन्,

जसले किसानको कामलाई सहज बनाएको छ भने, उत्पादनमा पनि केही वृद्धि हुन थालेको हामीहरूले महसुस गरेका छौँ", अध्यक्ष थापाले भने-"गाउँपालिकाले किसानका आवश्यकताका आधारमा अनुदानमा उपकरण दिन्छौँ ।"

# पन्ध्र वर्षपछि सक्रिय हुँदै बाँकेका पुराना खेलाडी

नेपालगञ्ज । राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा ख्याति कमाएका बाँकेका पुराना खेलाडी पुनः सक्रिय हुन थालेका छन् ।

बाँकेमा पूर्वखेलाडी सङ्घ गठन गरेर खेलकुदको विकास र यस क्षेत्रलाई खेलकुदमा चिनाउन भन्दै पुराना खेलाडी सक्रिय हुन थालेका हुन् । भलिबलका पुराना राष्ट्रिय खेलाडी राकेश श्रीवास्तवले करिब १५ वर्षपछि आफू खेलकुदमा सक्रिय हुन थालेको जानकारी दिँदै सामाजिक उत्तरदायित्वका कारण पनि खेलप्रतिको निष्ठा कायम रहेको बताए ।

उनले २०३० देखि २०४२ सालसम्म भलिबलको राष्ट्रिय खेलाडीका रूपमा योगदान गरेको उल्लेख गर्दै विगतमा जागिरे जीवन भएका कारण केही कठिनाई झेल्नुपरेको बताए । "जिल्ला ओझेलमा परेकाले पनि यसलाई पुनः जगाउने प्रयास गरिएको छ ।" -उनले भने ।

पूर्वखेलाडी समाजका कार्यवाहक अध्यक्ष निजामुद्दिन सिद्दिकीले करिब १० वर्षपछि आफू खेलकुदमा सक्रिय हुन थालेको जानकारी दिँदै सबै ठाउँमा खेलकुदका कार्यक्रम भए पनि नेपालगञ्जमा कम हुन थालेको गुनासो गरे ।

उनले २०३२ देखि २०५० सालसम्म फुटबल र हकीको खेलाडीका रूपमा खेल खेलेको उल्लेख गर्दै विगत केही वर्षअघि भारतको दक्षिण एसियाली खेलमा समेत सहभागी भएको जनाए ।

"सबै ठाउँमा केही न केही खेलकुद भइरहेको छ तर नेपालगञ्जमा पुराना खेलाडीको बाहुल्य रहे पनि खेलकुद नभएकाले त्यसलाई पुनः सक्रिय गराउन खोजिएको छ ।"-अध्यक्ष सिद्दिकीले भने । पूर्वखेलाडी समाज, बाँकेले आगामी जेठ ९ र १० गते ब्याडमिन्टन १६ देखि १८ गतेसम्म नेपालगञ्जमा भलिबल प्रतियोगिता आयोजना गर्न थालेको छ ।

ब्याडमिन्टनमा रु तीन लाख ५० हजार र भलिबल खेलमा रु चार लाख ५० हजार खर्च हुने समाजका अध्यक्ष निजामुद्दिन सिद्दिकीले जानकारी दिए । सो खेलका लागि नेपालगञ्ज उप-महानगरपालिकाले आर्थिक सहयोग गरेको छ ।

ब्याडमिन्टन अण्डर १५ मा प्रथम द्वितीय र तृतीयलाई रु १० हजार, पाँच हजार र रु दुई हजार ५००, मेन्स डबल्समा प्रथम, द्वितीय र तृतीय हुने टिमलाई रु २० हजार, १५ हजार र रु १० हजार पुरस्कार वितरण गरिने कावा अध्यक्ष सिद्दिकीले जानकारी दिए । नकआउट प्रणालीमा खेलाइने प्रतियोगितामा भलिबलतर्फ महिला र पुरूष गरी २५ टिम र ब्याडमिन्टनतर्फ ७५ खेलाडी सहभागी रहने छन् ।

# जलवायुको असर हिमाली क्षेत्रमा धेरै



काठमाडौँ । सरोकारवाला विज्ञहरुले तुलनात्मक रुपमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर बढी हुने गरेको उल्लेख गर्दै क्षतिपूर्तिका लागि विश्वको ध्यानाकर्षण गराएका छन् ।

सगरमाथा संवादको शनिबार दोस्रो दिन यहाँ आयोजित 'हिमाली क्षेत्रमा हानी र नोक्सानी सम्बोधन' विषयक समानान्तर सत्रका वक्ताहरुले जलवायुका असरसँग जुध्न अनुकूलनका कार्यक्रम परिचालन गर्नुपर्नेमा जोड दिए । साथै उनीहरुले हानी नोक्सानीको प्रमाणित अनुसन्धान स्पष्ट हुनुपर्ने र कोषमा सहज पहुँचका लागि समेत व्यवस्था गर्नुपर्ने बताएका थिए ।

कार्यक्रममा हानी तथा नोक्सानी सम्बोधन कोषका कार्यकारी निर्देशक इब्राहिमा शेख डिओङले मुख्य वक्तव्य दिएका थिए । त्यस्तै इसिमोडका जलवायु तथा वातावरणीय जोखिम वरिष्ठ सल्लाहकार डा. अरुणभक्त श्रेष्ठ, भारतको विज्ञान तथा प्रविधि विभागका डा. अनिलकुमार गुप्ता, थाइल्याण्डको क्राइसिस ब्यूरो युएनडीपीका कार्यक्रम विशेषज्ञ (विश्वव्यापी) राजेश शर्मा र ब्राजिलको हेनरिक बोल फाउन्डेसनका सामाजिक-वातावरणीय न्याय कार्यक्रमकी संयोजक मौरिन सन्टोसले आफ्ना अनुभव आदानप्रदान गर्दै हिमाली क्षेत्रमा जलवायुले गरेका असर र त्यसको हानिनोक्सानी सम्बन्धमा आफ्ना धारणा व्यक्त गरेका थिए ।

बढ्दो विश्वव्यापी तापक्रमले गम्भीर जलवायु प्रभावहरू निम्त्याइरहेको छ । यसले गर्दा बाढी, डढेलो, खडेरीका कीर्तिमान तोडिने क्रम देखिएको छ ।

यी घटनाहरूले कमजोर अर्थतन्त्रहरूमा ठूलो हानि र नोक्सानी पुर्‍याएको छ, जुन यससँग जुध्न संघर्ष गरिरहेका छन् ।

विकासशील देशहरूको दशक लामो वार्तापछि, हानि र नोक्सानी कोष कोप २७ मा स्थापना भएको थियो र कोप २९ मा सञ्चालनमा आएको थियो ।

नेपाल जस्ता देशहरूले बाढी, पहिरो, हिमनदी ताल बिस्फोट बाढी, आगलागी, तातो लहर र बढ्दो तापक्रम, हिमनदी पग्लने र जैविक विविधताको क्षति जस्ता बिस्तारै आउने घटनाहरू जस्ता चरम मौसमी घटनाहरूबाट पहिले नै गम्भीर जलवायु-प्रेरित हानी र नोक्सानीको सामना गरिरहेका छन् ।

क्षमता सीमितताका कारण, हानि र नोक्सानी कोषमा द्रुत, सरलीकृत र प्रत्यक्ष पहुँच पनि कमजोर समुदायहरूले समयमै समर्थन प्राप्त गर्न सुनिश्चित गर्न महत्त्वपूर्ण छ ।

नेपालले हानी र नोक्सानीलाई आफ्नो तेस्रो एनडिसीमा एकीकृत गरेको छ । हानी र नोक्सानीको विश्वव्यापी परिदृश्य, जसमा सान्दर्भिक वित्तीय संयन्त्रहरू पनि समावेश छन्, परीक्षण गर्न स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तरराष्ट्रिय दृष्टिकोणहरूलाई एकसाथ ल्याउने उदेश्यका साथ यो सत्र सञ्चालन गरिएको थियो । साथै राष्ट्रिय नीति र संरचनाहरू; र आर्थिक र गैर-आर्थिक दुवै नोक्सानीका राष्ट्रिय र स्थानीय अनुभवहरूको मूल्याङ्कन गर्ने समेत यो सत्रको उद्देश्य रहेको थियो ।

**जसले...**

सबै उत्पादन बिक्री भएपछि सुमनले क्रमशः उत्पादन बढाउन थाले । तर औद्योगिक क्षेत्रमा रहेको थोरै जग्गामा उद्योग विस्तार गर्न सजिलो थिएन । २०७८ मा तिलोत्तमा-१७ को गंगोलियामा दैनिक ५ हजार थान उत्पादन क्षमताको कोहिनुर प्लाष्टिक इन्डस्ट्रिज सञ्चालनमा आयो । त्यहाँबाट दैनिक २ हजार थानसम्म हेल्मेट उत्पादन भयो ।

कोहिनुरका हेल्मेटलाई भारतको ब्युरो अफ इन्डियन स्ट्यान्डर्डले आईएसआई प्रमाण चिह्न दिए पनि नेपाल गुणस्तर प्रमाण चिह्न भने उनको उद्योगका उत्पादनले पाउन सकेका छैनन् ।

हाल माग र खपत घटेर दैनिक एक हजारदेखि १५०० थान हेल्मेट उत्पादन भइरहेको सुमन बताउँछन् । ५ करोडबाट सुरु भएको उद्योगमा हाल ७० करोड लगानी पुगेको छ । कच्चा पदार्थ प्लाष्टिक दाना बाहेक हेल्मेटका सबै वस्तु उद्योगले नै उत्पादन गर्छ ।

उद्योगमा १५० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । पूर्ण क्षमतामा उद्योग चल्दा ३०० बढीले रोजगारी पाउन सक्छन् । उद्योगका दुई ब्रान्ड कोहिनुर र केपीआईले भारतीय गुणस्तर प्रमाण चिह्न आइएसआइ पाएका छन् । आइएसआइ प्रमाण चिह्न पाउने हेल्मेट नेपालमा कोहिनुर र केपीआई मात्रै हुन् ।

**'राज्य अभिभावक बन्न सकेन'**

तर, स्वदेशमै केही गर्छु भन्नेका लागि राज्य कहिल्यै अभिभावक नबनेको सुमनको गुनासो छ । नेपालमै पहिलो 'फुल्ली म्यानुफ्याक्चरिङ' हेल्मेट उद्योग सञ्चालनमा ल्याएर आयात प्रतिस्थापन गरिरहेको उद्योगलाई सरकारी निकायले अहिलेसम्म अनदेखा गरेको उनको बुझाइ छ ।

'तीन तहका सरकार छन्, तर अहिलेसम्म कसैबाट पनि कुनै रेस्पोन्स छैन,' उनले भने-'सरकारलाई कर मात्र चाहिएको छ, उद्योगीका आशा, अपेक्षा, माग के छन् भन्नेमा चासो छैन, यस्तो अनुभूति हुँदा दुःख लाग्छ ।'

कोहिनुरका हेल्मेटलाई भारतको ब्युरो अफ इन्डियन स्ट्यान्डर्डले आइएसआइ प्रमाण चिह्न दिए पनि नेपाल गुणस्तर प्रमाण चिह्न भने उनको उद्योगका उत्पादनले पाउन सकेका छैनन् । ५ वर्षदेखि नेपाल गुणस्तर प्रमाण चिह्नका लागि सम्बन्धित निकायमा धाइरहेको भए पनि बारम्बार सरकार परिवर्तन, कर्मचारी सरुवा जस्ता कारण देखाउँदै आलटाल र ढिलाइ भएको सुमनको गुनासो छ ।

'नेपाल गुणस्तर प्रमाण चिह्न लिएपछि भारतको आइएसआइ लिनुपर्ला भनेर ५ वर्षसम्म सरकारी अड्डा धायौं, तर कहिले के कहिले बहाना देखाउँदै आलटाल मात्र भयो,' उनले भने-'सरकारी रवैयाले स्वदेशी उद्योग र उद्योगीहरूमा आशा र विश्वासभन्दा पनि निराशा थपेको छ, सरकारी निकाय उद्योगमैत्री हुनुपर्ने हो ।'

नेपाल उद्योग परिसंघ लुम्बिनीका अध्यक्ष एवं बुटवलका उद्योगी एजाज आलम सुमन जस्ता उद्यमीलाई राज्यले चिन्न नसकेको बताउँछन् । '२५ वर्षको उमेरमा एउटा युवाले सुरु गरेको नेपालकै पहिलो र ठूलो हेल्मेट उद्योगलाई राज्यले अनदेखा गर्नु विडम्बना हो,' आलम भन्छन्-'युवाहरूलाई देशमै केही नयाँ उद्यम गर्न सकिंदो रहेछ भन्ने प्रेरणा दिएका सुमन र उनको उद्योगलाई राज्यबाट उचित रेस्पोन्स भए अरूलाई पनि प्रोत्साहन हुन्छ ।'

**नीतिगत सुधारको अपेक्षा**

नेपालमै उत्पादित हेल्मेटबाट देश आत्मनिर्भर भइसके पनि विदेशबाट आयात हुने हेल्मेटका कारण स्वदेशी उद्योगको बजार खुम्चिंदै गएको छ ।

अहिले पनि हरेक वर्ष भारत, चीन, भियतनाम, थाइल्याण्डलगायत देशबाट करिब ७० करोड रुपैयाँ मूल्य बराबरको हेल्मेट आयात हुने गरेको सरकारी तथ्यांक छ । तयारी हेल्मेट आयातमा ७.२५ प्रतिशतदेखि १५ प्रतिशत भन्सार कर लाग्ने तर हेल्मेटको कच्चा पदार्थ प्लाष्टिक दाना आयातमा ३५ प्रतिशत भन्सार करका कारण स्वदेशी उद्योग मारमा परिरहेको अनुभव सुमनको छ ।

नेप्लिज अटो एशोसिएसनका उपाध्यक्ष समेत रहेका सुमन कच्चा पदार्थको भन्सार दर घटाउन र तयारी वस्तु आयात गर्दा लाग्ने भन्सार दर बढाएर स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति ल्याउन माग गर्छन् । सडक दुर्घटनामा हुने मानवीय क्षति रोक्न मोटरसाइकल र स्कुटरको पछाडि बस्नेलाई पनि हेल्मेट अनिवार्य गरिनुपर्ने तर्क उनको छ । 'मोटरसाइकल चलाउनेलाई जस्तै पछाडि बस्नेलाई पनि हेल्मेट अनिवार्य गरे दुर्घटना भइहाले हुने क्षति कम गर्न सकिन्छ,' बस्यालले भने-'डबल हेल्मेटको नीतिगत व्यवस्थाले यात्रुको सुरक्षासँगै उद्योगीलाई पनि संरक्षण हुन्छ ।'

सुरक्षित यात्रा अभियानका अभियान्ता कृष्ण बेल्बासे भन्छन्-'हामी २ लाखदेखि ६ लाखसम्मका मोटरसाइकल किन्छौं, तर आफ्नो टाउको जोगाउने हेल्मेट भने एक हजार मूल्यको किन्न पनि गाह्रो मान्छौं, वास्तवमा आफ्नो सुरक्षाका लागि एक दुई हजार महँगो भए पनि गुणस्तरीय र सुरक्षित हेल्मेट किन्ने बानी बसाल्नुपर्छ, यसबारे जनचेतना पनि बढाउनुपर्छ ।'

**टुक्रे...**

शितगंगा नगरपालिका-११ का वडाध्यक्ष नवराज भुसालको अध्यक्षता तथा मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा दाङ, कपिलवस्तु र अर्घाखाँचीको संगमस्थल क्षेत्र पर्ने भएकाले विकास निर्माणको कामलाई थप उचाइमा पुर्‍याउन जोड दिइएको हो । कार्यक्रममा वडा नम्बर ९ का अध्यक्ष भीमबहादुर केसी, वडा नम्बर १० का अध्यक्ष केशव बेल्वासे, स्थानीय अगुवा दिनेश पुनलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

मुख्यमन्त्री चेतनारायण आचार्यले रङ्गसिङ खोला क्षेत्रमा निर्माणाधीन पुल, तटबन्ध, सडक योजना तथा विद्यालय क्षेत्रको अनुगमन गरेका छन् ।

संघीय सरकारको लगानीमा निर्माण भइरहेको रङ्गसिङ खोला पक्की पुल छिटो सम्पन्न गर्नुपर्ने विषयमा छलफल भएको छ । बाढीले कटानको जोखिम बढाउने भएकाले तटबन्धको योजना अघि बढाउनुपर्ने आवश्यकता औंल्याइएको छ । त्यस्तै, विद्यालयमा कक्षाकोठा थप गर्नुपर्नेलगायत विषयमा पनि अनुगमन गरिएको हो ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

## बोलपत्र स्विकृतिका लागि आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२/०२/०४

यस अस्पतालबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्रहरुको सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र दर्ता भएका बोलपत्रहरु मुल्यांकन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | सूचना प्रकाशित मिति | ठे.नं. | बोलपत्रदाताको नाम | स्वीकृत रकम मु.अ. कर रकम बाहेक |
|---|---|---|---|---|
| १ | २०८१/०९/२२ | LPH-NCB-Goods-24-2081-082 (Supply, Delivery & Installation of 1.5 Tesla MRI Machine) | श्री लुम्बिनी हेल्थकेयर प्रा.लि. काठमाण्डौ | रु. १२ करोड ८२ लाख ८५ हजार मात्र |

मेडिकल सुपरिटेण्डेण्ट

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# क्यान लुम्बिनी अध्यक्ष गुरुङ पदमुक्त






भैरहवा । लुम्बिनी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जय गुरुङ पदमुक्त भएका छन् । गुरुङविरुद्ध दर्ता भएको अविश्वासको प्रस्ताव पारित भएपछि उनी पदमुक्त भएका छन् । २०८१ चैत्र २२ गते संघका उपाध्यक्ष विनय राजभण्डारी प्रस्तावक बस्दै ३१ जना प्रतिनिधिले हस्ताक्षर गरेर गुरुङविरुद्ध अविश्वासको प्रस्ताव नेपाल क्रिकेट संघ (क्यान)मा पठाइएको थियो ।

क्यानको निर्देशनअनुसार शनिबार कपिलवस्तुको तौलिहवामा भएको विशेष साधारणसभाबाट गुरुङविरुद्धको अविश्वास प्रस्ताव पारित भएपछि उनी पदमुक्त भएका हुन् । गुरुङ पछिल्लो डेढ वर्ष यता संघको अध्यक्ष थिए ।

विशेष साधारणसभामा उपस्थित ३८ जना (शतप्रतिशत) प्रतिनिधिले नै अविश्वासको प्रस्तावको पक्षमा मतदान गरेका छन् । गुरुङको पक्षमा भने शून्य मत परेको प्रदेश क्रिकेट संघले जनाएको छ । संघका कुल ४१ प्रतिनिधिमध्ये कोषाध्यक्ष राजेश शाक्यको मृत्यु भएपछि उक्त पद खाली छ । साधारणसभामा अध्यक्ष गुरुङ उपस्थित भएनन् भने संघका सदस्य सुभाष तिमिल्सिना अष्ट्रेलियामा भएकाले उपस्थित भएनन् । गुरुङ पदमुक्त भएपछि संघको अध्यक्ष पद खाली भएको छ ।

गुरुङ पदमुक्त भएपछि संघको उपाध्यक्ष राजभण्डारी कार्यबाहक अध्यक्ष बनेका छन् । संघको विशेष साधारणसभाले रिक्त अध्यक्ष र कोषाध्यक्ष चयनका लागि एक विशेष साधारण सभा गर्ने तयारी गरेको कार्यबाहक अध्यक्ष भण्डारीले बताए ।

गुरुङले मनपरी संघ चलाएको, आर्थिक अनियमितता गरेको र विधानलाई बेवास्ता गरी अघि बढेको भन्दै संघमा आबद्ध दुई तिहाई बढी प्रतिनिधिले अविश्वासको प्रस्ताव दर्ता गरेका थिए । विशेष सधारणसभाबाट गुरुङ पदमुक्त भएपछि कार्यबाहक अध्यक्ष राजभण्डारीको अध्यक्षतामा बसेको प्रदेश कार्यसमितिको बैठकले सधारणसभाको मिति समेत तोकेको छ । राजभण्डारीका अनुसार बैठकले जेठ ३१ गते पाल्लामा विशेष सधारणसभा गर्ने निर्णय गरेको उनले जनाए । उनले उक्त साधारणसभाले नयाँ नेतृत्व चयन गरेर संघलाई बलियो, पारदर्शी र क्रिकेट गतिविधिमा क्रियाशील बनाउने पब्लिक कुरालाई जानकारी दिए ।

**'गुरुङ विधानविपरीत चले'**

यसैबिच विशेष साधारणसभामा बोल्दै संघमा आबद्ध केन्द्र र प्रदेशका क्रिकेटकर्मी नेताहरुले अध्यक्ष सञ्जय गुरुङ स्वेच्छाचारी ढंगबाट अघि बढेको, विधानको बर्खिलाप गरेको र क्रिकेट संघलाई व्यवस्थित ढंगले अघि बढाउन नसकेको अरोप लगाएका थिए । संघका प्रदेश उपाध्यक्ष विनय राजभण्डारीले आफूहरुको डेढ वर्षको कार्यकालमा अध्यक्ष गुरुङकै कारण प्रदेशमा क्रिकेटका गतिविधि सुस्ताएको जनाए ।

'सञ्जयजीले संघलाई आफूखुशी र स्वेच्छाचारी ढंगले चलाउनुभयो', उनले भने-'विधि, विधान कुनै मान्नु भएन । आर्थिक रुपमा पारदर्शी समेत काम गर्नुभएन ।' उनले गुरुङले निरंकुश, तानाशाही र एकलौटी ढंगबाट संघ सञ्चालन गर्न खोजेको आरोप लगाए । गुरुङले पछिल्लो समय काठमाडौंमा बसेर विभिन्न मिडिया र सामाजिक सञ्जालहरुमा अनावश्यक टिकाटिप्पणी गरेको राजभण्डारीको भनाइ छ । '

उहाँ (सञ्जय) को साधारणसभा फेस गर्ने हिम्मत थियो भने यही आएर प्रतिनिधिको मन जितेर फेरि अध्यक्ष बन्न सक्नुहुन्थ्यो', राजभण्डारीले भने-'जसले २०१४ मा नेपाल क्रिकेट संघ निलम्बन गरायो, आज उसैको खुट्टा ढोगेर नेपाल सन् २०१४ कै बाटोमा हिंड्दैछ भनेर प्रचार गरिरहनु भएको छ ।'

नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य प्रदीप मजगैयाले अहिलेको युगमा पनि कसैले डिक्टेटरसीप लागू गरेर नेतृत्व गर्छु भन्ने सोच्छ भने त्यो अहिलेको परिस्थिति सिर्जना हुने बताए । उनले गुरुङले प्रदेशको क्रिकेटको सम्भावनालाई मारेर सीमित आफ्नो मुठ्ठीमा राखेर क्रिकेट अगाडि बढाउने खोजेको आरोप लगाए । 'आफू मात्रै जान्ने छु, आफू मात्रै विज्ञ छु भने जुन घमण्ड देखाउनुभयो, त्यसको परिणाम आज आएको छ', उनले भने- 'दुःखका साथ भन्छु, उहाँकै कारण आज बाध्यताले हामी यहाँ आएका छौं ।'

रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले कानुन, विधि र विधानअनुसार चल्न सबैलाई आग्रह गरे । उनले नेपाली क्रिकेटको विकासमा सबैको हातेमालो जरुरी रहेको उल्लेख गरे । विशेष साधारणसभाको उद्घाटन गर्दै पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य सुरेन्द्रराज आचार्यले क्रिकेट संघले बैधानिक बाटो छाड्न नहुने बताए । उनले ९० प्रतिशत प्रतिनिधि उपस्थिति भएर विशेष साधारणसभा गरिरहँदा र आगामी नेतृत्व चयन गर्दा कम्तिमा भोलिका दिनमा लुम्बिनी प्रदेशको क्रिकेट अन्य प्रदेशका तुलनामा माथि जानुपर्ने बताए ।

उनले पछिल्लो समय क्रिकेटले मुलुकमा मात्रै नभई अन्तर्राष्ट्रियस्तरमा पहिचान स्थापित गरेको जनाउँदै तल्लो तहबाट यसको विकास हुनुपर्ने जनाए । आफ्नोतर्फबाट क्रिकेटको विकासमा सबै किसिमका सहयोग हुने आचार्यको भनाइ छ ।

विशेष साधारणसभामा प्रदेशसभा सदस्य सुधाकर पाण्डे, कपिलवस्तु नगरपालिकाका प्रमुख सुदीप पौडेल, प्रदेश क्रिकेट संघका सचिव कैलाश रोका मगर, कपिलवस्तु क्रिकेट संघका अध्यक्ष प्रकाश गैरे, कपिलवस्तु जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख मिनप्रसाद पोखरेल र नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाका उपाध्यक्ष खगप्रसाद चापागाईंले क्रिकेटको विकासमा जोड दिँदै कानून र संघको विधान पालना गर्नुपर्ने सुझाव राखे ।

२०८१ चैत्र २२ गते संघका उपाध्यक्ष राजभण्डारी प्रस्तावक बस्दै अविश्वासको प्रस्ताव दर्ता गर्दै क्यानलाई यसबारेमा जानकारी गराइएको थियो । यसपछि क्यानले विशेष साधारणसभा गर्न निर्देशन गरेको थियो । तर, विचमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले साधारणसभा रोक्न पत्र काटेको थियो । यही बिचमा राखेपले पुनः पत्र लेख्दै कानुनअनुसार गर्नु भनेपछि शनिबार विशेष साधारणसभा गरिएको प्रदेश क्रिकेट संघले जनाएको छ ।

# शंकरपुर-खैरेनी सडकको शिलान्यास



देवदह । लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले लुम्बिनी प्रदेश सरकारले सडक गुरुयोजना निर्माण गरेर काम गरिरहेको बताएका छन् । प्रदेशका मुख्य सडकलाई गुरुयोजनामा समावेश गरेर सोही अनुसार काम गर्ने गरी सरकार अघि बढेको बताउँदै स्थानीय तहले पनि आफ्नो क्षेत्रमा पर्ने सडकको गुरुयोजना निर्माण गर्न आवश्यक रहेको औंल्याए ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजना भगवानपुर-धकधई खैरेनीअर्न्तगत शंकरपुर खैरेनी सडकको शिलान्यास गर्दै उनले उक्त कुरा बताएका हुन् । मन्त्री ढकालले साना र टुक्रे आयोजनाबाट परिणाम आउन नसक्ने बताउँदै परिणाम आउने गरी योजना अगाडि बढाउनु पर्नेमा जोड दिए ।

उनले एशियाली विकास बैंकसँग सहुलियपूर्ण ऋण लिएर शंकरपुर-खैरेनी सडक निर्माण भइरहेको बताउँदै दीगो र प्रभावकारी कामको लागि नगरपालिकाले निरीक्षण र अनुगमन गर्नेपर्ने बताए । उनले संघीय सरकारले ३ करोडभन्दा साना योजनामा लगानी नगर्ने नीति अवलम्बन गरेको बताउँदै प्रदेश सरकारले पनि ३० लाखभन्दा तलको योजनामा बजेट विनियोजन नगर्ने बताए । मन्त्री ढकालले सडक सञ्जालको विकाससँगै आमनागरिकको जनजीवनमा पनि परिवर्तन हुनुपर्ने विचार राखेका थिए । उनले भने-'सडक निर्माणसँगै स्थानीयको जीवनस्तर उकासिनु पर्छ, त्यसो भयो भने मात्र त्यसले प्रतिफल दिएको मान्न सकिन्छ ।'

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेश सभा सदस्य आशिषकुमार चौधरीले समयमै गुणस्तरीय सडक बन्नुपर्ने बताए । उनले ठेकेदार कम्पनीले सम्झौताअनुसार काम गर्नुपर्ने र त्यसमा स्थानीय जनप्रतिनिधि र नागरिकले आवश्यक निगरानी गर्न आवश्यक रहेको जनाए ।

सोही अवसरमा मन्त्रालयका सचिव भिमार्जुन पाण्डेले एशियन विकास बैंकको सहुलियत ऋणमा योजना अघि सारिएको बताए । उनले ५० करोडको आयोजना ३७ करोड ९ लाख ३३ हजार रुपैयाँमा टेण्डरमा गएको र हेटौडाको वानिया निर्माण सेवा प्रालिले दुई वर्षमा योजना सम्पन्न गर्ने गरी सम्झौता गरेको जानकारी दिए । शंकरपुर खैरेनीको करिव ११ किलोमिटर सडक आगामी २०८३ पुष ८ गतेभित्र सम्पन्न हुने उनको भनाइ छ ।

# तानसेनमा सञ्चार संवाद




पाल्पा । प्रेस चौतारी नेपाल पाल्पा शाखाले ३२औं मदन आश्रित स्मृति दिवसको अवसरमा जनताको बहुदलीय जनवाद र सञ्चार संवाद कार्यक्रम तानसेनमा गरेको छ ।

नेकपा एमालेका तत्कालिन महासचिव मदन भण्डारीर संगठन विभाग प्रमुख जीवराज आश्रितको वि.स. २०५० साल जेठ ३ गते चितवनको दासढुंगामा जीप दुर्घटनामा मृत्यु भएको थियो । स्मृति दिवसको अवसरमा मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादको नेपाली राजनीतिमा भइरहेको प्रयोगको अवस्था, वर्तमान अवस्थामा जबजको सान्दरभिकता बारेमा प्रेस चौतारी पाल्पाले बहस र चर्चा गरेको छ ।

नेपालको पछिल्ला राजनीतिक परिवर्तन, परिवर्तनपछि भएका व्यवस्थाहरु मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादको सिद्धान्त तथा कार्यक्रमअनुसार भएको संवाद कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले पाल्पाका अध्यक्ष ओमबहादुर घर्तीमगरले बताए । २०४७ सालको संविधानमा मदन भण्डारीले फरक मतको रुपमा राखेका २७ बुँदे कुराहरु २०६२, ०६३ को जनआन्दोलनपछिका संसदले समावेश गरी गणतान्त्रिक नेपाल बनाउन सफल भएको एमाले पार्टी अध्यक्ष घर्तीमगरले दाबी गरे ।

कार्यक्रममा पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष एवं एमाले पाल्पाका प्रेस चौतारी इञ्चार्ज राजेशकुमार अर्यालले आजको अवस्थामा आइपुग्दा पनि जबजका नीति, कार्यक्रम र सिद्धान्तहरु नेपालको सन्दर्भमा उत्कृष्ट रहेको बताए ।

जनताको बहुदलीय जनवादअनुसार विचार मिल्दा एकता गर, नमिल्ने अवस्थामा संर्घष गर्दै रुपान्तरण गर अभियानअनुसार नै नेकपा एमाले पाटी सञ्चालनमा रहेको प्रशिक्षक अर्यालले जनाए ।

विचार नबुझिकन राजनीति बुझ्न र गर्न नसकिने अवस्था रहेकोले नयाँ पुस्तालाई हरेक पार्टीले पार्टीको सिद्धान्त, विचार, कार्यान्वयनका प्रक्रियाहरु तथा देशको अवस्थाबारे प्रशिक्षण गरेर जानुपर्नेमा अहिले धेरै संख्या देखाउन, संगठनमा प्रवेश गराउने कामलाई सुधार गर्नुपर्नेमा प्रशिक्षक अर्यालले जोड दिए ।

कार्यक्रममा प्रशिक्षक अर्यालले जबजको प्रयोग र विकास, आजको सन्दर्भमा जबजको अवस्था र कार्यान्वयन, नेपालमा आर्थिक सामाजिक रूपान्तरणका बाटाहरुका बारेमा जबजले प्रष्टरुपमा मार्ग निर्देशन दिएको चर्चा गरे । नेपालको विकासको लागि नदी डाइभर्सन गरी पानी नभएका स्थानमा खेतीपाती, जलाशययुक्त जलविद्युत्को परिकल्पना मदनभण्डारीको जबजको कार्यक्रममा रहेको विकासको लागि दुरदृष्टि नेता मदन भण्डारी रहेको कार्यक्रममा चर्चा भएको थियो । पार्टी नेतृत्व पनि एकल रुपमा नभइ सामूहिक रुपमा हुनुपर्ने, पार्टीमा नेता प्रधान नीति प्रधान हुनुपर्ने कुराहरु जबजको प्रतिपादित सिद्धान्तमा रहेको, जनताको बहुदलीय जनवादका मुख्य १४ सिद्धान्तहरुको बारेमा सहभागीहरुलाई प्रशिक्षण दिइएको थियो ।

कार्यक्रममा प्रशिक्षक अर्यालले स्वतन्त्र प्रेस, हाम्रो दायित्व, प्रेस चौतारीकर्मीको कर्तव्य, दायित्व र भूमिकाबारे चर्चा गरे ।

प्रेस चौतारी नेपाल पाल्पाका शाखा अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, केन्द्रीय सदस्य मिलन विश्वकर्माको स्वागत र सचिव दयाराज न्यौपानेको सञ्चालनमा संवाद कार्यक्रम चलेको थियो ।

# गाउँ नै व्यावसायिक किबीखेतीमा



गुल्मी । गुल्मीको कालीगण्डकी गाउँपालिकाका किसान किबीखेतीमा आकर्षित भएका छन् । वडा नं. १ सिरकोटको सिंगो गाउँ नै व्यावसायिक किबीखेतीमा लागेको हो ।

मकैलगायत बाली लगाउँदा लागत बढी, उत्पादन र आम्दानी कम भएकाले किसान किबीखेतीमा लागेका हुन् । अहिले किबीको बजार राम्रो भएकाले किसानलाई व्यावसायिक खेतीमा लाग्न प्रेरित गरेको स्थानीय बताउँछन् । सिरकोटका १८ परिवारका नागरिकले अहिले २५० रोपनी क्षेत्रफलमा किबीखेती गरिरहेका छन् । त्यसमा छ हजार ४०० बिरुवा लगाइएको छ ।

स्थानीय लक्ष्मीपति न्यौपानेले आफ्नो बारीमा २०७७ सालमा एक हजार ४०० बिरुवा लगाए । पहिलो उत्पादनका रुपमा गत वर्ष उनले रु दुई लाख ५० हजारको किबी बिक्री गरे । यस वर्ष रु सात लाखको बिक्री गर्ने लक्ष्य राखेको उनले बताए । "गत वर्ष बिक्रीको सुरुको वर्ष थियो, यस वर्ष ४५ क्विन्टल फल्ने अनुमान छ", न्यौपानेले भने-"बिक्रीबाट प्राप्त भएको आम्दानीले घरखर्च राम्रै चलेको छ ।"

रोजगारीको सिलसिलामा २०६१ सालमा भारत गएका उनी दुई वर्ष बसेर स्वदेश फर्किए । अहिले स्थानीय देउराली माध्यमिक विद्यालयमा अध्यापनसमेत गराउने उनले किबीका साथै एक हजार ४०० सुन्तलाका बिरुवा लगाएका छन् । सोही गाउँमा गगन तरामुका ९०० तथा चन्द्रकला पाण्डेका ८०० किबीका बिरुवा छन् ।

गत वर्ष सिरकोटबाट मात्रै रु १० लाखको किबी निर्यात भएको छ । स्थानीय बजारमा फुटकर प्रतिकिलो रु ३०० र थोकमा प्रतिकिलो २०० मा बिक्री हुन्छ । औसत प्रतिकिलो २५० मा स्थानीय बजारका साथसाथै बुटवल, भैरहवासम्म पनि किबी बिक्री हुने गरेको उन्नतशील कृषि तथा फलफूल कृषक समूहका अध्यक्षसमेत रहेका पदमपाणि पाण्डेले जानकारी दिए । किबीका बिरुवा २०७७ सालमा दोलखाबाट प्रतिबिरुवा रु ३०० मा खरिद गरिएको थियो । पछि कालीगण्डकी गाउँपालिकाले पनि बिरुवामा अनुदान दिएको थियो ।

सिरकोटमा यस वर्ष सबै किसानको गरी रु २० लाखको किबी बिक्री हुने अपेक्षा गरिएको छ । किबीले सामान्यतया लगाएको कम्तीमा चार वर्षदेखि अधिकतम ३५ वर्षसम्म फल दिने गर्दछ । त्यसले गर्दा किसानलाई बिरुवा लगाइरहने झन्झट हुँदैन ।

"यस वर्ष उत्पादन राम्रो छ, हामीले पनि पालिकाका तर्फबाट सक्दो सहयोग गरेका छौं", गाउँपालिका उपाध्यक्ष मञ्जुकुमारी दर्लामीले भनिन्-"किसानलाई बिरुवा, मल, बजारलगायत क्षेत्रमा हामी सहयोग गर्छौं ।" उनले सिरकोटलाई किबीको नमूना गाउँको विकास गर्ने लक्ष्य पालिकाले लिएकाले किसानको समस्यामा पालिकासँगै रहने बताइन् ।

किबीखेतीमा आकर्षित भएका किसानलाई राज्यकातर्फबाट राम्रो सहयोग मिलेको छ । सिँचाइका लागि जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले दुई वटा पोखरी निर्माण गरेको छ । सिरकोट किबीखेती पोखरी जल पुर्नभरव योजनाबाट चालु आर्थिक वर्षमा सिँचाइ विकास डिभिजन कार्यालयले ७५ घनमिटरका ६५ हजार लिटर पानी अट्ने पोखरी निर्माण गरेको हो । आकाशे पानी र खेर गएको पानी पोखरीमा जम्मा हुनेछ भने खडेरीका बेला पोखरीबाट सिँचाइ हुनेछ ।

रु १० लाखमा निर्माण भएका पोखरीबाट किसानलाई धेरै राहत मिलेको छ । "कृषिजन्य सामग्रीको उत्पादन बढाउने लक्ष्य हो", कार्यालय प्रमुख भरत सापकोटाले भने-"कार्यालयका तर्फबाट जिल्लाभर कुलो, पोखरीलगायतका क्षेत्रमा काम गरिरहेका छौं ।" उनले सिरकोटका किसानको लोभलाग्दो मेहनत भएको पनि बताए ।

त्यसैगरी कृषि ज्ञान केन्द्रले पनि दुई वटा पोखरी बनाएको छ भने किबीका लागि आवश्यक पिल्लरमा अनुदान दिएको छ । त्यसैगरी गाउँपालिकाले पनि अहिलेसम्म दुई हजार ५०० बिरुवा अनुदानमा उपलब्ध गराएको छ ।

# माध्यमिक तहमा स्वास्थ्य विषयलाई अनिवार्य गर्न माग

काठमाडौं । किशोर किशोरीलाई सही मार्गमा अघि बढाउन व्यवस्थित रूपमा यौन शिक्षा दिनुपर्नेमा जोड दिइएको छ ।

बियोन्ड बेजिङ समितिद्वारा शुक्रबार यहाँ आयोजित 'बृहत्तर यौनिकता शिक्षा' विषयक अन्तरक्रिया कार्यक्रममा समितिका उपाध्यक्ष डा. लक्ष्मी तामाङले कक्षा ६, ७ र ८ मा स्वास्थ्य तथा शारीरिक शिक्षा अनिवार्य गरिए पनि लाजका कारण विद्यार्थीले नबढ्ने र शिक्षकले पढाउन नसक्ने वातावरणले समस्या भइरहेको बताइन् । कक्षा ९ र १० मा भने स्वास्थ्य शिक्षासम्बन्धी विषय ऐच्छिक वर्गमा समेटिएकाले सबैले पढ्न पाउने वातावरण नरहेको उनले जानकारी दिइन् ।

माध्यमिक तहसम्म स्वास्थ्य शिक्षा अनिवार्य गरिनुपर्नेमा अभियानकर्मी तामाङको जोड रहेको थियो । किशोर किशोरीलाई यौन शिक्षा दिएर सचेत बनाउन सके यौन रोगलगायत विकृतिमा नफस्ने भएकाले यस्ता विषयलाई सञ्चारमाध्यमले जागरण अभियान चलाउनुपर्ने उनको भनाइ थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com